कार्यसम्पादन मूल्याङ्कनका आधारमा गरिने शिक्षक पदको बढुवा सम्बन्धी कार्यविधि, २०८२

स्वीकृत मितिः २०८२ मङसिर ११

सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको कार्यसम्पादन मूल्याङ्कनका आधारमा हुने बढुवा सम्बन्धी कार्यलाई नियमित, वस्तुगत र व्यवस्थित गर्ने उद्देश्यले शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ५३ ले दिएको अधिकार प्रयोग गरी शिक्षक सेवा आयोगले देहाय बमोजिम कार्यविधि निर्धारण गरेको छ ।

परिच्छेद १

प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम कार्यसम्पादन मूल्याङ्कनका आधारमा गरिने शिक्षक पदको बढुवा सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(ख) यो कार्यविधि आयोगले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ।

१.२ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "ऐन" भन्नाले शिक्षा ऐन २०२८ सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले शिक्षक सेवा आयोग नियमावली, २०५७ सम्झनु पर्दछ ।

(ग) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्दछ ।

(घ) "आयोग" भन्नाले शिक्षक सेवा आयोग सम्झनु पर्दछ ।

(ङ) "निर्देशनालय" भन्नाले प्रदेश सरकारको शिक्षा हेर्ने मन्त्रालय मातहतको शिक्षा विकास निर्देशनालयलाई सम्झनु पर्दछ र सो शब्दले प्रदेश सरकारको शिक्षा विकास निर्देशनालयको काम हेर्नेगरी तोकिएको निकायसमेतलाई बुझाउँछ ।

(च) "इकाइ" भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ सम्झनु पर्दछ ।

(छ) "स्थानीय तह" भन्नाले सम्बन्धित गाउँपालिका, नगरपालिका, उप महानगरपालिका र महा नगरपालिकालाई सम्झनु पर्दछ ।

(ज) "शिक्षा अधिकृत" भन्नाले प्रदेश वा स्थानीय तहको शिक्षा हेर्ने अधिकृत छैठौं वा सो भन्दा माथिका अधिकृत सम्झनु पर्दछ र सो शब्दले शिक्षा विकास तथा समन्वय इकाइका शाखा अधिकृतलाई समेत बुझाउँदछ ।

(झ) "सिफारिस समिति" भन्नाले शिक्षक सेवा आयोग कार्य सञ्चालन कार्यविधि २०७८, को दफा ७४ (१) अनुसार गठित प्रदेशस्तरीय बढुवा सिफारिस समिति सम्झनुपर्दछ ।

अध्यक्ष

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर
२०५६

(ञ) "का.स.मू." भन्नाले शिक्षकले हरेक शैक्षिक सत्रको पहिलो ३० दिनभित्र अघिल्लो वर्ष गरेको कामको विवरण तोकिएको ढाँचामा भरेर मूल्याङ्कनका लागि सम्बन्धित विद्यालयमा दर्ता गर्नु पर्ने कार्यसम्पादन मूल्याङ्कन फारामलाई सम्झनु पर्दछ ।

परिच्छेद २

अङ्क गणना सम्बन्धी व्यवस्था

२.१ शैक्षिक उपाधिको अङ्क गणनाः

२.१.१ विदेशी शिक्षण संस्थाहरुबाट हासिल गरेको माध्यमिक तहसम्मको शैक्षिक उपाधिको हकमा पाठ्यक्रम विकास केन्द्र र साविकको प्रवीणता प्रमाणपत्र तह एवम् उच्च शिक्षाको हकमा नेपालका मान्यताप्राप्त विश्वविद्यालयहरूले उपलब्ध गराएको उपाधिको तह र श्रेणी सम्बन्धी समकक्षताको आधारमा अङ्क गणना गरिनेछ ।

२.१.२ अक्षराङ्कन पद्धति (लेटरग्रेडिङ) अनुसार शैक्षिक प्रमाणपत्र पेश गर्नेको हकमा अनुसूची १ बमोजिम श्रेणी कायम गरिनेछ ।

२.१.३ विक्रम सम्बत् २०६८ आषाढ मसान्तभित्र स्थायी नियुक्ति भएका प्राथमिक तहको शिक्षकको न्यूनतम शैक्षिक योग्यता एसएलसी (माध्यमिक शिक्षा परीक्षा कक्षा १०) वा सो सरह र २०६८ श्रावण १ गते पछि स्थायी नियुक्त प्राथमिक तहको शिक्षकको न्यूनतम शैक्षिक योग्यता माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहलाई आधार मानी अङ्क गणना गरिनेछ

२.१.४ सम्बत् २०६८ आषाढ मसान्तभित्र स्थायी नियुक्ति भएका प्राथमिक तहको लागि न्यूनतम शैक्षिक योग्यता एसएलसीको मार्कसिटलाई आधार मान्दा आंशिक (मौका) परीक्षा दिएर उत्तीर्ण भएको अवस्थामा श्रेणी नखुलेको भएमा तृतीय श्रेणी कायम गरी अङ्क गणना गरिनेछ ।

२.१.५ निम्नमाध्यमिक तहको न्यूनतम शैक्षिक योग्यता गणना गर्दा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरह भएता पनि निमावि द्वितीय श्रेणीमा सोझै नियुक्ति भएका शिक्षकको हकमा भने न्यूनतम योग्यता सम्बन्धित विषयमा स्नातक वा सो सरह हुनेछ ।

२.१.६ निम्नमाध्यमिक तह प्रथम श्रेणीको लागि खुला प्रतियोगितात्मक परीक्षाबाट सोझै द्वितीयमा प्रवेश गर्नेहरुका हकमा स्नातक तह र २५ प्रतिशत आन्तरिक प्रतिस्पर्धा र ७५ प्रतिशत कार्यसम्पादन मूल्याङ्कनको प्रतिस्पर्धाबाट बढुवा भएकाहरूको हकमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहलाई न्यूनतम शैक्षिक योग्यता मानिनेछ ।

२.१.७ एक वर्षे बिएड वा एमएड योग्यता हासिल गरेका उम्मेदवारको हकमा निजले सोही योग्यतालाई आधार मान्न चाहेमा योग्यता र तालिम दुबै गणना हुनेछ ।

माथिल्लो योग्यताको अङ्क प्रदान गर्दा उम्मेदवारले एक भन्दा बढी तहमा शैक्षिक उपाधि हासिल गरेको रहेछ भने उसले रोजेको हकमा सोही तहको र नरोजेको भए सबैभन्दा उच्च

अध्यक्ष

श्रेणीको योग्यतालाई माथिल्लो शैक्षिक योग्यताको रुपमा गणना गरिनेछ । यसरी अङ्क गणना गर्नका लागि सम्बन्धित तह वा विषयको परीक्षा सञ्चालन गर्ने निकायवाट जारी भएको ट्रान्सक्रिप्ट वा मूल प्रमाणपत्र वा दुवै समावेश भएको हुनुपर्नेछ।

२.१.८ प्राथमिक तहको १० महिने शिक्षक तालिम पूरा गरिसकेपछि तत्कालीन उच्च माध्यमिक शिक्षा परिषदबाट विशेष पाठ्यक्रम (कोर्स) पूरा गरेको ट्रान्सक्रिप्ट पेश गरेमा सो उपाधिलाई माथिल्लो शैक्षिक योग्यताको मान्यता दिई दोश्रो श्रेणी बराबरको अङ्क दिइनेछ ।

२.१.९ विशेष पाठ्यक्रम (Special Curriculum) को ट्रान्सक्रिप्ट (Transcript) वा राष्ट्रिय परीक्षा बोर्डबाट जारी भएको प्रमाणपत्र पेश गरेमा शैक्षिक योग्यता वापतको अङ्क दिने एवम् त्यस्ता उम्मेदवारहरुको १० महिने तालिमको अङ्क गणना गर्दा तत्कालिन शैक्षिक जनशक्ति विकास केन्द्र (हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्र) बाट लिएको एकिकृत प्रमाणपत्रलाई मात्र मान्यता दिइने ।

२.२ शिक्षक तालिमको अङ्क गणनाः

२.२.१ शैक्षिक जनशक्ति विकास केन्द्रबाट लिएको १० महिने सेवाकालीन तालिम, पूर्व सेवाकालीन तालिम र शिक्षकको पेशागत विकास (टिपिडी) तालिमको साविकको शैक्षिक जनशक्ति विकास केन्द्र वा शैक्षिक तालिम केन्द्र र हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्र वा प्रदेश सरकारमातहतको शिक्षा तालिम केन्द्रले जारी गरेको एकीकृत प्रमाणपत्रका आधारमा अङ्क गणना गरिनेछ।

२.२.२ मान्यता प्राप्त स्वदेशी वा विदेशी निकायबाट हासिल गरेको तालिमको अङ्क गणना साविकको शैक्षिक जनशक्ति विकास केन्द्र वा हालको शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्रबाट समकक्षता भएका आधारमा गरिनेछ ।

२.२.३ शिक्षकको पेशागत विकास (टिपिडी) तालिम वापत प्रथम, द्वितीय र तृतीय श्रेणीको क्रमशः ३,२ र१ अङ्क प्रदान गर्ने र श्रेणी नखुलेको तालिम वापत दोश्रो श्रेणी बराबरको अङ्क दिइने छ ।

२.२.४ नियमावलीको नियम ९ को उपनियम (७) बमोजिम विज्ञान, गणित, अंग्रेजी, कार्यालय सञ्चालन र लेखा, कम्प्युटर, सिभिल इन्जिनियरिङ्ग, इलेक्ट्रिकल इन्जिनियरिङ्ग र पशुपालन वा बाली विज्ञान विषयमा स्नातक गरेका व्यक्तिले तालिम नलिए पनि माध्यमिक तहको अध्यापन अनुमतिपत्र लिई सोही नियमको उपनियम (८) बमोजिम नियुक्ति भएका शिक्षकहरुले बढुवा प्रयोजनका लागि आवेदन दिन चाहेमा नियुक्ति भएको ५ वर्षभित्र तोकिएको शिक्षा विषयमा कम्तीमा १० महिना वा सो सरहको तालिम लिएको प्रमाणपत्र पेश नगरेमा बढुवाको उम्मेदवार बन्न पाउने छैनन् ।

२.३ सेवा अवधिको अङ्क गणनाः

२.३.१ स्थायी सेवा बापत अङ्क गणना गर्दा तृतीय श्रेणीका शिक्षकको हकमा सविकको जिल्ला शिक्षा कार्यालय वा हालको शिक्षा विकास तथा समन्वय इकाइबाट प्रदान गरिएको नियुक्तिपत्रमा

अध्यक्ष

उल्लिखित मिति र द्वितीय श्रेणीका शिक्षकको हकमा बढुवा भै जेष्ठता कायम भएको मितिबाट विज्ञापनमा आवेदन दिने अन्तिम दिनसम्मलाई आधार मानिनेछ ।

२.३.२ नेपाल सरकारको स्वीकृत रिक्त दरबन्दीमा पछिल्लो पटक अस्थायी वा करारमा नियुक्ति भई कार्यरत रहेको भए सो अवधिको मात्र अस्थायी सेवावापतको अङ्क गणना गरिनेछ।

तर स्वीकृत दरवन्दीमा सट्टा (लियन) पदमा कार्यरत रहेको वा राहत अनुदान कोटामा कार्यरत रहेका वा पिसिएफ कोटा वा शिक्षण सहयोग अनुदान वा विद्यालयको अन्य कुनै स्रोतवाट तलवभत्ता खानेगरी नियुक्त भै काम गरेको अवधि वापतको अङ्क गणना गरिने छैन

२.३.३ अस्थायी सेवा बापत अङ्क गणना गर्दा अस्थायी नियुक्ति पत्रको प्रतिलिपि वा नियुक्ति समर्थन पत्र वा पदस्थापन पत्र वा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखले प्रमाणित गरेको सेवा निरन्तरताको कागजातलाई आधार मानिनेछ। अस्थायी नियुक्ति मिति र शिक्षा विकास तथा समन्वय इकाइले प्रमाणित गरी दिएको सेवा निरन्तरताको मिति फरक परेमा पछिल्लो मितिलाई मान्यता दिइने छ ।

२.३.४ एउटा जिल्लाको विद्यालयमा अस्थायी नियुक्ति पाई सोही जिल्लाको अन्य विद्यालयमा सरुवा भएका शिक्षकको सेवा अवधि गणना गर्दा अस्थायी नियुक्ति पत्र, सरुवा पत्र, रमानापत्र, वा हाजिरी भएको जानकारी पत्र र सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखले सेवा अविच्छिन्न रहेको भनी प्रमाणित गरेको कागजातको आधारमा गरिने छ । हाल कार्यरत जिल्लाभन्दा फरक जिल्लामा अस्थायी सेवा गरेको भए सो जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइबाट प्रमाणित भएको कागजात समावेश भएको हुनुपर्नेछ ।

२.३.५ स्रोतव्यक्ति वा प्रशिक्षक वा स्थानीय तह वा अन्यत्र काजमा गएका शिक्षकहरुको हकमा पदाधिकार रहेको तह र श्रेणीको मात्र सेवा अवधि गणना गरिने छ ।

२.४ कार्य सम्पादन मूल्याङ्कन फारम भर्ने अवधि, स्थान र अंक गणना सम्बन्धी व्यवस्था:

२.४.१ नियमावली अनुसार हरेक शिक्षकले प्रत्येक वर्षको वैशाख १ गतेदेखि ३० गतेसम्म अघिल्लो शैक्षिक सत्रको कार्यसम्पादन मूल्याङ्कन फाराम दर्ता गराएको हुनु पर्नेछ। तर वैशाख ३० गते सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन दर्ता गराएको कार्यसम्पादन मूल्याङ्कन फारामलाई मान्यता दिइनेछ ।

२.४.२ नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको निर्णय बमोजिम शैक्षिक सत्रको समय फरक भएकोमा नयाँ शैक्षिक सत्र प्रारम्भ भएको पहिलो ३० दिन हुनेछ । कोभिड-१९ को कारण परिवर्तन भएका शैक्षिक सत्रहरूको कासमू फाराम भर्ने समय र मूल्याङ्कन अवधि देहायअनुसार मानिने छ ।

सि. नं.	शैक्षिक सत्र	कासमू फारम भर्ने समय

अध्यक्ष

१	२०७८	२०७९ साल जेठ १ - ३० गतेसम्म
२	२०७७	२०७८ साल असार १ - ३० गतेसम्म
३	२०७६	२०७७ साल वैशाख १ - ३० गतेसम्म र श्रावण १५ - भाद्र १२ सम्म

२.४.३ स्रोतव्यक्ति वा प्रशिक्षकको रुपमा कार्यरत शिक्षकले कार्यसम्पादन मूल्याङ्कन फाराम आफ्नो पदाधिकार रहेको विद्यालयमा तोकिएको समयभित्र दर्ता गराएको भएमात्र मान्यता दिइनेछ ।

२.४.४ कार्यसम्पादन मूल्याङ्कन फारामको प्रयोग, दर्ता नं र मिति सम्बन्धमा देहाय अनुसार गर्ने:-

(क) नियमावलीले तोकेको ढाँचामा भएका र इकाई मार्फत बढुवा सिफारिस समितिमा प्राप्त भएका का.स.मू. फारामलाई मात्र मान्यता दिइने छ ।

(ख) कासमूको दर्ता नं र दर्ता मितिको हकमा देहाय अनुसार हुनेछ:-

(१) का.स.मू. फाराममा दर्ता नं र मिति दुवै उल्लेख नभएको अवस्थामा उक्त का.स.मू.लाई मान्यता दिइने छैन।

(२) का.स.मू. फाराममा उल्लिखित मिति सो शैक्षिक बर्षका लागि तोकिएको मितिभित्र भएमात्र उक्त का.स.मू.लाई मान्यता दिइने ।

तर देहायको अवस्था का.स.मू वापतको अङ्क गणना गर्न बाधा पुगेको मानिनेछैन:

(अ) फाराममा उल्लिखित मितिमा कुनै केरमेट भै पहिला लेखेको मिति नबुझिने अवस्था भएमा शिक्षकले दस्तखत गरेको स्थानमा उल्लिखित मिति निर्धारित मितिभित्रको भएमा मान्यता दिने ।

(आ) दर्ता मिति केरमेट भै नबुझिने अवस्थामा रहेको र शिक्षकको दस्तखतमा समेत मिति उल्लेख नभएको अवस्थामा शिक्षकले बढुवाका लागि पेश गरेको आवेदन फाराममा सङ्लग्न गरेको विद्यालयको नियमित दर्ता रजिष्टरको प्रतिलिपिमा उल्लिखित मिति निर्धारित समयभित्रको रहेछ भने उक्त का.स.मू.लाई मान्यता दिने ।

(इ) उल्लिखित प्रक्रियासमेतबाट दर्ता मिति प्रष्ट हुन नसक्ने अवस्था भएमा, सुपरीवेक्षकले दस्तखत गरेको स्थानमा उल्लिखित मिति सम्बन्धित बर्षको का.स.मू. दर्ता गर्नुपर्ने मितिभित्रको रहेछ भने उक्त का.स.मू. लाई मान्यता दिने ।

(ई) कार्यसम्पादन मूल्याङ्कन फाराम दर्ता हुँदा साल, महिना र गते उल्लेख भएको तर मूल्याङ्कन अवधि नखुलेको का.स.मू.लाई अघिल्लो बर्षको का.स.मू. मानी अङ्क गणना गर्ने ।

(३) दर्ता नम्बर र मितिका सम्बन्धमा बढुवा सिफारिस समितिलाई कुनै द्विविधा भएमा शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त का.स.मू. दर्ता रजिष्टर/का.स.मू.पठाइएको पत्रमा प्रष्टरुपमा

अध्यक्ष

विद्यालयको दर्ता नं र दर्ता मिति उल्लेख भएको र सो मिति निर्धारित समयभित्रको भएमा उक्त का.स.मू. लाई मान्यता दिने ।

(४) नियमावलीअनुसार काजमा रहेका शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कन आफू पदाधिकार रहेकै विद्यालयमा दर्ता गरेको भएमात्र मान्यता दिने ।

(५) शैक्षिक सत्र २०८१ को का.स.मू. को हकमा शिक्षकले विद्यालयबाट लिएको दर्ता निस्साको प्रतिलिपीलाई शिक्षा विकास तथा समन्वय इकाई प्रमुखबाट बेहोरा प्रमाणित गरी आवेदन फाराम साथ पेश गरेको भए सो दर्ता निस्साका आधारमा वा स्थानीय तहमा का.स.मू. प्राप्त हुन आएका व्यक्तिको तोकिएको समयमा नामावली सार्वजननिक गरेको अवस्थामा सो सूचनाको प्रमाणित प्रतिलिपिलाई समेत मान्यता दिने ।

(६) माथिल्लो श्रेणीमा बढुवा भई अदालतको आदेशबाट साविकको पद नै कायम भएका शिक्षकको हकमा आगामी विज्ञापनमा बढुवाको अङ्क गणना गर्दा बढुवा हुँदाको बखत प्राप्त गरेको पछिल्लो बर्षको कासमूमा प्राप्त गरे अनुसारको अङ्क प्रदान गर्ने।

२.४.५ कार्यसम्पादन मूल्याङ्कन फारामको खण्ड (क) को अङ्क गणना सम्बन्धमा देहाय अनुसार गर्नेः-

(क) यस खण्डका अन्य विवरण र अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धि मापनका लागि आवश्यक विवरण समेत भरी शिक्षकले प्राप्त गरेको अङ्क लेख्ने कोलममा लेखिएको अङ्क गणना गर्ने ।

(ख) उपलब्धि मापन निकाल्न सुत्रमा आवश्यक विवरण भरेको तर अङ्क प्रदान गर्ने स्थानमा अङ्क प्रदान नगरी अन्य स्थानमा अङ्क प्रदान गरिएको भए सो पनि गणना गर्ने

(ग) यस खण्डमा दिएको अङ्क केरमेट भएको र सो स्थानमा प्रमाणित गर्नेको दस्तखत भएमा सोही अनुसार अङ्क गणना गर्ने ।

(घ) अङ्क केरमेट भएको तर पहिला दिएको अङ्क बुझिने अवस्थामा रहेछ भने सोही अङ्क गणना गर्ने ।

(ङ) अङ्क केरमेट भएको तर पहिला दिएको अङ्क नबुझिने अवस्थामा रहेछ र अक्षरमा पनि लेखिएको रहेनछ भने १.५ गणना गर्ने ।

(च) यस खण्डमा शुन्य अङ्क दिएको रहेछ भने उक्त खण्डमा शुन्य अङ्क हुँदैन भन्ने मान्यतामा अघिल्लो वा पछिल्लो सालको कासमू जुनमा बढी छ सोही खण्डमा पाएको ५० प्रतिशत अङ्क दिने ।

(छ) सुत्रका लागि आवश्यक विवरण भरेको तर प्रदान गरिएको अङ्क नबुझिने गरी केरमेट भएको अवस्थामा सूत्रवाट हिसाव गरी आउने अङ्क प्रदान गर्ने ।

अध्यक्ष

(ज) अङ्क प्रदान गर्ने स्थान खाली छोडिएको, ----- गरिएको अवस्थामा अङ्क गणना नगर्ने

(झ) तालिम केन्द्रमा काजमा रहेका शिक्षकको सिकाइ उपलब्धिको गणना निजले सो शैक्षिक सत्रमा दिएको तालिमको औषत उपलब्धिको आधारमा गणना गरिनेछ ।

(ञ) कार्यसम्पादन मूल्याङ्कन फारामको खण्ड (क) मा सम्बन्धित शिक्षकको दस्तखत नभएमा सो खण्डको अङ्क गणना गरिने छैन ।

(ट) यस खण्डमा पाउने अधिकतम अङ्क क्रमशः ३ मा यदि पचास प्रतिशत वा १.५ अंक भन्दा कम हुने गरी अङ्क दिइएको रहेछ भने पूर्णाङ्कको आधा हुने गरी अङ्क दिइनेछ । ।

२.४.६ कार्यसम्पादन मूल्याङ्कन फारामको खण्ड (ख) को अङ्क गणना सम्बन्धमा देहाय अनुसार गर्ने:-

(क) फाराममा शिक्षण कार्यसँग सम्बन्धित विषयमा गरिएको अनुसन्धानको विषय, प्राप्त निश्कर्ष र प्रतिवेदनको पेजसंख्या उल्लेख गरी अङ्क प्रदान गर्ने स्थानमा दिएको अङ्क गणना गर्ने।

(ख) आवश्यक विवरण उल्लेख गरेको तर अङ्क प्रदान गर्ने स्थान बाहेक अन्य स्थानमा अङ्क दिइएको भए सो अङ्क गणना गर्ने

(ग) अङ्क प्रदान गर्ने स्थान खाली छोडिएको, ----- गरिएको अवस्थामा अङ्क गणना नगर्ने ।

(घ) प्रदान गरिएको अङ्क केरमेट भएको तर पहिला प्रदान गरिएको अङ्क बुझिने भएमा सोही अङ्क गणना गर्ने ।

(ङ) प्रदान गरिएको अङ्क केरमेट भै नबुझिने भएमा ०.५ अङ्क गणना गर्ने ।

(च) प्रमाणित गर्ने पदाधिकारीको दस्तखत नभएमा अङ्क गणना नगर्ने ।

(ज) फाराममा नै सिफारिस कर्ता वा प्रमाणितकर्ताले शिक्षण कार्यसँग सम्बन्धित अनुसन्धान प्रतिवेदन पेश नगरेको भनी लेखी सहीछाप गरेको भए अङ्क गणना नगर्ने ।

(झ) यस खण्डमा पाउने अधिकतम अङ्क १ मा यदि ०.५ भन्दा कम हुने गरी अङ्क दिइएको रहेछ भने पूर्णाङ्कको आधा हुने गरी अङ्क दिइनेछ ।

२.४.७ कार्यसम्पादन मूल्याङ्कन फारामको खण्ड (ग) को अङ्क गणना सम्बन्धमा देहाय अनुसार गर्ने:-

(क) शिक्षकले निर्वाह गरेको विशेष जिम्मेवारीको विवरण उल्लेख गरी अङ्क प्रदान गर्ने स्थानमा दिएको अङ्क गणना गर्ने ।

(ख) आवश्यक विवरण उल्लेख गरेको तर अङ्क प्रदान गर्ने स्थान बाहेक अन्य स्थानमा अङ्क दिइएको भए सो अङ्क गणना गर्ने

(ग) अङ्क प्रदान गर्ने स्थान खाली छोडिएको, ----- गरिएको अवस्थामा अङ्क गणना नगर्ने ।

(घ) प्रमाणित गर्ने पदाधिकारीको दस्तखत नभएमा अङ्क गणना नगर्ने

अध्यक्ष

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर
२०५६

(ङ) प्रदान गरिएको अङ्क केरमेट भएको तर पहिला प्रदान गरिएको अङ्क बुझिने भएमा सोही अङ्क गणना गर्ने ।

(च) प्रदान गरिएको अङ्क केरमेट भै नबुझिने भएमा ०.५ अङ्क गणना गर्ने ।

(छ) फाराममा नै सिफारिस कर्ता वा प्रमाणितकर्ताले विशेष जिम्मेवारी पुरा नगरेको भन्ने बेहोरा लेखी सहीछाप गरेको भए अङ्क गणना नगर्ने ।

(ज) यस खण्डमा पाउने अधिकतम अङ्क १ मा यदि ०.५ भन्दा कम हुने गरी अङ्क दिइएको रहेछ भने पूर्णाङ्कको आधा हुने गरी अङ्क गणना गर्ने ।

२.४.८ का.स.मू. फारामको खण्ड (क),(ख) र (ग) मा अलग अलग प्रमाणित गर्नुपर्ने फाराम प्रयोग भएको अवस्थामा खण्ड (क),(ख) र (ग) मा प्रमाणित गर्नेको दस्तखत नभएमा वा खण्ड (क), (ख) र (ग) को एकस्थानमा मात्र प्रमाणित गर्नुपर्ने फाराम प्रयोग गरेको अवस्थामा खण्ड (ग) पछि प्रमाणितकर्ताको दस्तखत नभएमा अङ्क गणना नगर्ने ।

२.४.९ का.स.मू. फारामको खण्ड (क),(ख) र (ग) मा कुनै पदाधिकारीले दस्तखत, नाम, पद, सङ्केत नम्बर उल्लेख गर्नुपर्नेमा दस्तखत मात्र भएमा सो खण्डमा सिफारिस वा प्रमाणित भएको मानिने छैन ।

तर खण्ड (क),(ख) र (ग) मध्ये कुनै एक खण्डमा मात्र दस्तखत भएको पदाधिकारीको नाम, पद, सङ्केत उल्लेख भएमा सो खण्डमा समेत अङ्क गणना गरिनेछ ।

२.४.१० का.स.मू. फारामको खण्ड (घ) मा सुपरीवेक्षकले अङ्क दिएको तर दस्तखत नगरेको भएतापनि निज सुपरीवेक्षक पुनरावलोकन समेतमा रही दस्तखत गरेको भए बेहोरा एकीन भएमा सुपरीवेक्षकले प्रदान गरेको अङ्क गणना गर्ने ।

२.४.११ का.स.मू. फारामको खण्ड (घ) को पुनरावलोकन समितिको महलमा कम्तिमा २ जना सदस्यको दस्तखत नभएमा सो महलको अङ्क गणना गरिने छैन ।

२.४.१२ का.स.मू. फारामको खण्ड (घ) मा पुनरावलोकन समिति सदस्यहरूले अङ्क प्रदान नगरी खाली रहेको अवस्था निजहरूले दस्तखत गरेकै भए तापनि अङ्क गणना गरिने छैन ।

२.४.१३ कासमू फारामको दर्ता नम्बर मिति तथा खण्ड (क),(ख), (ग) र (घ) मा अङ्क प्रदान गर्दा यदि टिपेक्स वा रबर स्ट्यापको दस्तखतको प्रयोग गरेको पाइएमा त्यस्तो अङ्कलाई मान्यता दिइने छैन ।

२.४.१४ नियमावली को नियम ३२ (घ) को उपनियम (७) अनुसार विद्यालयमा दर्ता गरी प्रधानाध्यापकलाई बुझाउनु पर्नेछ भन्ने उल्लेख भएकाले विद्यालयबाट सम्बन्धित स्थानीय तह बाट जिल्ला हुँदै बढुवा समितिको सचिवालयमा प्राप्त भएको कार्यसम्पादन मूल्याङ्कन फारामलाई मान्यता

अध्यक्ष

दिई बढुवा सिफारिस समितिबाट मूल्याङ्कन गरिनेछ। अर्को कार्यसम्पादन मूल्याङ्कन फारामलाई स्वीकार गरिने छैन ।

२.४.१५ कुनै उम्मेदवारको का.स.मू. फाराम फेला नपारेमा उम्मेदवारले सो फाराम नियमानुसार भरे नभरेको एकिन गर्न कासमू फाराम भरी विद्यालयको नियमित दर्ता किताबमा दर्ता गरेको प्रमाणित अभिलेख वा सम्बन्धित स्थानीय तहले शिक्षा विकास तथा समन्वय इकाईमा का.स.मू. पठाएको विवरणमा उक्त शिक्षकको नाम समावेश भएको पत्र/विवरणको प्रमाणित प्रतिलिपि वा शिक्षा विकास तथा समन्वय इकाइले शिक्षा विकास निर्देशनालयमा का.स.मू. पठाएको पत्रमा उक्त शिक्षकको नामावली समावेश भएको प्रमाणित भएमा सो वर्षको औसत अङ्क प्रदान गरिनेछ ।

परिच्छेद ३

सिफारिस/प्रमाणित तथा गणना सम्बन्धि व्यवस्था

३.१ सिफारिस तथा प्रमाणित गर्नेको सङ्केत नं सम्बन्धमा देहाय अनुसार गर्नेः

(क) सिफारिस/प्रमाणित गर्ने व्यक्तिको नाम, पद, दस्तखत तथा सङ्केत नम्बर अनिवार्य हुनुपर्नेछ।

तर कुनै कारणवस सङ्केत नम्बर प्राप्त गरि नसकेका स्थानीय सेवाका स्थायी कर्मचारीको हकमा सङ्केत नम्बर आवश्यक पर्ने छैन तर सो स्थानमा सङ्केत नम्बर प्राप्त हुन बाँकी भन्ने व्यहोरा जनाउनु पर्नेछ ।

(ख) एक व्यक्तिको नाम, पद, दस्तखत केरमेट गरी एकभन्दा बढी व्यक्तिको नाम, पद, दस्तखत गरी केरमेट गरेको ठाउँमा आधिकारिक व्यक्तिले हस्ताक्षर गरी सिफारिस/प्रमाणित भएमा अङ्क गणना गरिनेछ ।

३.२ स्थानीय तहमा शिक्षा अधिकृत/शिक्षा शाखा प्रमुख नभएको र इकाईमा समेत एकजना मात्र अधिकृत रहेको भनी का.स.मू.फाराम लेखी सहीछाप गरेमा वा पत्र मार्फत लिखित जानकारी हुन आएमा त्यस्तो कार्यसम्पादन मूल्याङ्कन फाराममा सिफारिस तथा प्रमाणित गर्ने एकै व्यक्ति भएतापनि उक्त कासमूको अङ्क गणना गरिनेछ ।

३.३ कुनै पनि श्रेणी र तहका शिक्षकको कार्यसम्पादन मूल्याङ्कनको कार्य स्थानीय तहमा काजमा रहेका शिक्षकले गरेको पाइएमा सो मूल्याङ्कनलाई मान्यता दिइने छैन ।

३.४ तालिम केन्द्रमा काजमा रहेका शिक्षकको कार्यसम्पादन मूल्याङ्कनको खण्ड क, ख र ग मा रात्रपत्रांकित तृतीय श्रेणी वा अधिकृतस्तरका प्रशिक्षक वा तालिम केन्द्र प्रमुखले प्रमाणित गरेमा अङ्क गणना गरिनेछ ।

अध्यक्ष

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर
२०५६

परिच्छेदः चार

विविध

४.१ (क) यो कार्यविधि लागु भएपछि बढुवाको निमित्त प्रकाशन हुने विज्ञापन अनुसार सम्बन्धित उम्मेद्वारको कार्यसम्पादन मूल्याङ्कन वापतको अङ्क गणना गर्दा विज्ञापन प्रकाशित भएको शैक्षिक वर्ष भन्दा अघिल्ला पाँच शैक्षिक वर्षको कार्यसम्पादन मूल्याङ्कन वापतको अङ्क गणना गरी योग्यताक्रम निर्धारण गरिनेछ।

(ख) खण्ड (क) बमोजिम अङ्क गणना गर्दा अघिल्ला विज्ञापनमा उम्मेदवार भएका शिक्षकहरूको बढुवा सिफारिस समितिबाट प्रमाणित/आयोगबाट पुनरावलोकन पश्चात् कायम भएको अभिलेखबाट गरिनेछ । यो खण्ड लागू भएपछि हुने पहिलो विज्ञापनमा एकपटकको लागि विगत २०७७, २०७८, २०७९ र २०८० सालको कासमूको खण्ड (क), (ख) र (ग) गरी ५ अङ्क र खण्ड (घ) मा अङ्क १० नआई कुनै कारणले सो भन्दा कम अङ्क भएमा त्यस्ता शिक्षकको कार्यसम्पादन मूल्याङ्कन फाराम बढुवा सिफारिस समितिले निर्णय गरी यसै कार्यविधि बमोजिम योग्यताक्रम निर्धारण गरिनेछ। बढुवा सिफारिस समितिले बढुवा सम्बन्धी कार्यको अभिलेखलाई व्यवस्थित गर्ने सम्बन्धमा अनुसूची ३ बमोजिम कैफियत खुलाउनु पर्नेछ।

४.२ यो दफा लागू भएपछि हुने विज्ञापनमा शैक्षिक सत्र २०७७, २०७८, २०७९ र २०८० को फाराम गणना गर्दा प्राप्त हुने प्राप्ताङ्क २०८२ र त्यसपछि हुने विज्ञापनमा गणना गरिनेछ र यसले अघिल्लो बढुवा सिफारिसलाई कुनै असर गर्ने छैन।

४.३ (क) बढुवा सिफारिसको पुनरावलोकन नतिजा प्रकाशन भएपछि सम्बन्धित कुनै उम्मेदवारले आफूले प्राप्त गरेको अङ्क हेर्ने इच्छा गरेमा १५ दिनभित्रमा आफ्नो परिचय खुल्ने प्रमाण सहित निवेदन पेश गर्नु पर्नेछ ।

(ख) यसरी प्राप्त निवेदन अनुसार कार्यसम्पादन बाहेक देहायअनुसार निजले प्राप्त गरेका अङ्क लिखित वा मोखिक रूपमा दिइनेछ ।

(१) निजले प्राप्त गरेको जेष्ठता वापतको अङ्क,

(२) शैक्षिक योग्यता वापतको अङ्क

(३) तालिम वापत पाएको अङ्क,

(४) कुल प्राप्ताङ्क ।

४.४ नियमावलीको नियम ३३ बमोजिम बढुवा सिफारिस नामावली उपर चित्त नबुझी उजुरी गर्ने शिक्षकको उजुरी झुटा ठहरेमा त्यस्ता शिक्षकहरूको विवरण आयोगले बढुवा सिफारिस समितिलाई पठाउने छ र त्यस्ता शिक्षकहरूको हकमा नियम ३४ को उपनियम (४) मा व्यवस्था भए बमोजिम हुनेछ ।

अध्यक्ष

४.५ सम्बन्धित बढुवा सिफारिस समिति वा रुजूकर्ताबाट उम्मेदवार शिक्षकको नियुक्ति पत्र, तालिमका प्रमाणपत्र, योग्यताका प्रमाणित प्रतिलिपि र सम्बन्धित वर्षका कासमू फारममा रुजु गर्दा रातो मसी प्रयोग गर्नु पर्नेछ। मूल्याङ्कनकर्ताले भने कालो वा निलो मसीको प्रयोग गरी केरमेट नगरी मूल्याङ्कन गर्न सक्नेछन्। कैफियत उल्लेख गर्नु पर्ने अवस्थामा कैफियत समेत उल्लेख गर्नुपर्ने छ ।

४.६ बढुवा सिफारिस समितिले बढूवा सिफारिस सुची प्रकाशन भएको १५ दिनभित्र सो नतिजाको प्रमाणित निर्णय प्रति र एकसेल सिट आयोगमा पेश गरिसक्नु पर्नेछ ।

४.७ पुनरावलोकन सम्बन्धि व्यवस्था:

(क) बढुवा सिफारिस समितिले गरेको बढुवा सिफारिस नामावली उपर पुनरावलोकनका लागि कुनै उम्मेदवारले अनुसूची २ अनुसार निवेदन दिन सक्नेछ ।

(ख) बढुवा सिफारिस समितिमा पुनरावलोकनका लागि उजुरी परेमा उजुरी दिने व्यक्तिको योग्यताक्रम भन्दा माथि रहेका सबै उम्मेदवारहरुको कासमु, आवेदन फाइल र निवेदन आयोगमा पठाउनु पर्नेछ। यसरी फाइलहरू पठाउँदा उजुरीकर्ता, सिफारिसमा परेका र उजुरी दिने व्यक्तिभन्दा माथि रहेका उम्मेदवारहरूको फाइल छुट्टा छुट्टै बन्डल बनाइ पठाउनु पर्नेछ । साथै दर्ता नभएका वा औसत दिएका वा बाहिर जिल्लाबाट प्राप्त भएका कासमूको पर्चा खडा गरी सम्बन्धित व्यक्तिको फाइलमा समावेश गरी पठाउनु पर्नेछ ।

४.८ शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम नियम ३३ बमोजिम बढुवा सिफारिस नामावली उपर चित्त नबुझी उजुरी दिने शिक्षकको उजुरी झुटा ठहरेमा नियम ३४ को उप नियम (४) बमोजिम लगत्तै हुने विज्ञापनमा पहिलो पटकको उजुरी भए दुई अङ्क र दोस्रो पटकको उजुरी भए तीन अङ्क घटाइनेछ ।

४.९ बढुवा आवेदन सङ्कलन, फारम रूजु टेवुलेसन तथा बढुवा सिफारिस समितिको बैठक लगायत खर्च व्यवस्थापन गर्न तोकिएको नर्म्स बमोजिम खर्च रकम उपलब्ध हुनेछ ।

४.१० बढुवा सिफारिस सूचीमा परेका कुनै उम्मेदवार वढुवाको जेष्ठता कायम हुने दिन अर्थात् सिफारिस भएको ३६ औ दिन अगावै अनिवार्य अवकास हुने भएमा कारण जनाई त्यस्तो शिक्षकको नाम बढुवा सिफारिस सूचीबाट हटाइ योग्यताक्रममा रहेको अर्को उम्मेदवारलाई सिफारिस गरिने छ ।

४.११ उम्मेदवारहरुको कुल प्राप्ताङ्क बराबर भएमा योग्यता क्रम निर्धारण गर्ने सम्बन्धी व्यवस्था

क) कुल प्राप्ताङ्क बरावर भएमा कार्यरत तहको श्रेणीको जेष्ठता ।

ख) कार्यरत तहको श्रेणीको जेष्ठता समेत समान भएमा सम्बन्धित तहको द्वितीय श्रेणीमा बढुवा हुने भएमा तृतीय श्रेणीको अस्थायी सेवा अवधिको जेष्ठता र प्रथम श्रेणीमा बढुवा हुने भएमा तृतीय श्रेणीको जेष्ठता ।

ग) नोकरीको जेष्ठता पनि समान भएमा तोकिएको पदको न्यूनतम शैक्षिक योग्यताको श्रेणी ।

११

अध्यक्ष

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर
२०५६

घ) तोकिएको पदको न्यूनतम शैक्षिक योग्यताको श्रेणी समेत समान भएमा माथिल्लो शैक्षिक योग्यताको श्रेणी

ङ) माथिल्लो शैक्षिक योग्यताको श्रेणी समेत वरावर भएमा न्यूनतम शैक्षिक योग्यताको प्राप्ताङ्क ।

च) उल्लिखित सबै आधारहरु समेत बरावर भएमा उम्मेदवारले पेश गरेको नागरिकतामा उल्लेखित जन्ममितिको जेष्ठता ।

४.१२ अध्यापन अनुमतिको प्रमाणपत्र पेश गर्दा माथिल्लो प्रमाणपत्र तल्लो तह वा श्रेणीका लागि मान्यता हुने तर तल्लो तहको प्रमाण पत्रले माथिल्लो तह वा श्रेणीका लागि मान्य हुने छैन ।

४.१३ शिक्षकको कासमू फारम मूल्याङ्कन लागि पेश भएपछि नियमानुसार मूल्याङ्कन नगर्ने, अङ्क नचढाउने, हस्ताक्षर नगरी लापरवाही गर्ने, टिपेक्स वा रवरस्टयाम्प प्रयोग गर्ने तथा केरमेट वा अङ्क वितरणमा वस्तुनिष्ठता कायम नगर्ने जिम्मेवार पदाधिकारीहरूको अभिलेख राखी आयोगबाट उचित कारवाही समेत हुनेछ ।

४.१४ आयोगले बढुवा सिफारिस समितिबाट भएका कार्यहरुको अनुगमन तथा सहजीकरण गर्नुपर्नेछ।

४.१५ शिक्षकको बढुवा उपर उजुरी नपरेको अवस्थामा छैठौं वर्ष पुरानो कासमु धुल्याइने छ । धुल्याइएका वर्षहरूको विवरण आवश्यक परेमा बढुवा अभिलेखलाई नै आधार मानिनेछ ।

४.१६ **पुराना अभिलेखको मान्यता सम्बन्धी व्यवस्था देहाय अनुसार हुनेछः**

(क) सम्बत् २०८१ को विज्ञापनको नतिजा प्रकाशन भएर सिफारिस/पुनरावलोकनको कार्यसमेत सम्पन्न भइसकेको हुँदा उक्त विज्ञापनमा उम्मेदवार भएका शिक्षकहरूको यो कार्यविधि अनुसार कार्यसम्पादन मूल्याङ्कन फारामको अङ्क गणना गर्दा मुलतः पुनरावलोकनका लागि उजुरी परेकाको हकमा आयोगबाट पुनरावलोकन पश्चात् कायम भएको र पुनरावलोकनको लागि उजुरी नपरेकाको हकमा बढुवा सिफारिस समितिबाट प्रमाणित भएको अभिलेखलाई हेरिनेछ र अभिलेख अनुसार विगतका कासमू हेर्नुपर्ने अवस्थामा बाहेक अन्य अवस्थामा पहिलेको कासमू हेरिने छैन।

तर यो कार्यविधि स्वीकृत भएपछि हुने विज्ञापनमा उम्मेदवार हुने शिक्षकको हकमा भने यसै कार्यविधि अनुसार अङ्क गणना गरिनेछ ।

४.१७ अध्ययन वा तालिममा गएको वा निलम्बन भई निलम्बन फुकुवा भएकोमा निलम्बन अवधिको कार्यसम्पादन मूल्याङ्कन बापत त्यस्तो अध्ययन वा तालिममा जानुभन्दा वा निलम्बन हुनुभन्दा तत्काल अघिको कार्यसम्पादन मूल्याङ्कन भएमा सोही बर्षको र त्यस्तो कासमू नभएमा हाजिर भएपछि भरेको कासमूमा जति अङ्क पाएको छ, सोही अनुपातमा नै अङ्क गणना गरिनेछ ।

४.१८ निर्देशिकाको पालना : यस निर्देशिकाको प्रयोग र पालना गर्ने गराउने दायित्व आयोगका पदाधिकारी, आयोगका कर्मचारी र आयोगबाट जिम्मेवारी प्राप्त पदाधिकारी तथा सरोकारवाला सबैको हुनेछ ।

अध्यक्ष

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर
२०५६

४.१९ बढुवा सिफारिस समितिले आफ्नो कार्यसम्पादन गर्दा आयोगबाट स्वीकृत नर्म्स अनुसार खर्च गर्न सक्नेछ ।

४.२० बाधा अडकाउ फुकाउने: यस कार्यविधिको कार्यान्वयनमा बाधा अडकाउ भएमा आयोगले निर्णय गरी फुकाउन सक्नेछ ।

४.२१ खारेजी र बचाउ:

(क) कार्यसम्पादन मूल्याङ्कनको आधारमा गरिने शिक्षक पदको बढुवा सम्बन्धी कार्यविधि, २०७९ खारेज गरिएको छ ।

(ख) कार्यसम्पादन मूल्याङ्कनको आधारमा गरिने शिक्षक पदको बढुवा सम्बन्धी कार्यविधि, २०७९ बमोजिम भए गरेका काम कारवाही यस कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अध्यक्ष

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर
२०५६

अनुसूची १

(दफा नं २.१.२ संग सम्बन्धित)

अक्षराङ्कन (लेटरग्रेडिङ्ग) पद्धतिलाई श्रेणीमा रुपान्तरण गर्ने आधार

सि.नं	स्तरीकृत अङ्क (GPA)	श्रेणी
१	४.०	प्रथम
२	३.६	
३	३.२	
४	२.८	द्वितीय
५	२.४	
६	२.०	तृतीय
७	१.६	

अध्यक्ष

अनुसूची २

-दफा नं ४.७ (क) सँग सम्बन्धित_

पुनरावलोकनका लागि दिने निवेदनको ढाँचा

श्री शिक्षक सेवा आयोग सानोठिमी, भक्तपुर

मार्फत बढुवा सिफारिस समितिको सचिवालय

विषय : बढुवा नतिजामा पुनरावलोकन गरी पाउँ ।

प्रस्तु विषयमा म तह श्रेणीको शिक्षक श्री .... लाई शिक्षक सेवा आयोगको बढुवा सम्बन्धी विज्ञानपन नं .... मा बढुवा सिफारिस समितिको सचिवालय, ...बाट मिति .... मा प्रकाशिक्ष बढुवा नामावलीउपर चित्त नबुझेकाले राजश्व दस्तुर रू .... बुझाएको भौचरसहित निम्न निवरण संलग्न गरी पुनरावलोकनका लागि यो निवेदन पेश गरेको छु । मैले गरेको माग दावी झुठा ठहरेमा नियमानुसार मेरो अङ्क कट्टा गर्न राजी छु ।

उजुरीकर्ताको मुख्य माग दावी

संलग्न कागजातहरू

१

२

३

निवेदक

श्री

सङ्केत नं

तह श्रेणी

विद्यालय

ठेगाना

मिति

अध्यक्ष

अनुसूची ३

(दफा नं ४.१(ख) संग सम्बन्धित)

खण्ड क

क१ सिफारिस/प्रमाणित गर्नेको दस्तखत नभएको

क२ अङ्क प्रदान नगरेको/केरमेट गरेको

क३ सिफारिस र प्रमाणित गर्ने व्यक्ति एउटै भएको

क४ अनाधिकृत व्यक्ति/पदाधिकारीले दस्तखत गरेको

क५ सिफारिश र प्रमाणित गर्नेको परिचय नखुलेको

क६ सम्बन्धित शिक्षकको दस्तखत नभएको

खण्ड ख

ख१ सिफारिस/प्रमाणित गर्नेको दस्तखत नभएको

ख२ अङ्क प्रदान नगरेको/केरमेट गरेको

ख३ सिफारिस र प्रमाणित गर्ने व्यक्ति एउटै भएको

ख४ अनाधिकृत व्यक्ति/पदाधिकारीले दस्तखत गरेको

ख५ सिफारिश र प्रमाणित गर्नेको परिचय नखुलेको

खण्ड ग

ग१ सिफारिश र प्रमाणित गर्नेको दस्तखत नभएको

ग२ अङ्क प्रदान नगरेको/केरमेट गरेको

ग३ सिफारिस गर्ने व्यक्ति एउटै भएको

खण्ड घ

घ१ सुपरिवेक्षकको दस्तखत नभएको

घ२ सुपरिवेक्षकले अङ्क प्रदान नगरेको/केरमेट गरेको

घ३ पुनरावलोकन समितिमा १ जनाको मात्र दस्तखत भएको/कुनै दस्तखत नभएको ।

घ४ पुनरावलोकन समितिले अङ्क प्रदान नगरेको/अङ्क केरमेट गरेको

अध्यक्ष

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर
२०४६

ङ. जिल्लाबाट कासमू प्राप्त नभएको

खण्ड च

च१ दर्ता नं./मिति नभएको/दर्ता केरमेट भएको

च२ म्याद नाघी दर्ता/म्याद अघि दर्ता

च३ म्याद पछि दर्ता भएको ।

छ. एकभन्दा बढी कैफियत भएको

अध्यक्ष